मासिक प्रगति प्रतिवेदन

भाद्र महिनाको HMIS तथा सेवा तथ्याङ्क समीक्षा बैठक

कार्यक्रम सञ्चालन मिति: २०८३/०६/१६

स्थान: प्रदेश अस्पताल बेनी, म्याग्दी

समीक्षा गरिएको महिना: २०८३ भाद्र

आर्थिक वर्ष: २०८३/०८४

१. पृष्ठभूमि:

अस्पतालबाट प्रवाह भएका स्वास्थ्य सेवाको तथ्याङ्कलाई नियमित रूपमा समीक्षा, प्रमाणीकरण तथा विश्लेषण गरी तथ्याङ्कको शुद्धता, पूर्णता र एकरूपता कायम गर्नुका साथै तथ्याङ्कमा आधारित सेवा व्यवस्थापन तथा योजना निर्माण गर्ने उद्देश्यले मासिक समीक्षा बैठक सञ्चालन गरिँदै आएको छ।

यसै क्रममा २०८३ भाद्र महिनामा अस्पतालबाट प्रवाह भएका स्वास्थ्य सेवाको तथ्याङ्क, Data progress Report, Weekly Report, EMR Data Report, Referral Case तथा DHIS2 Reporting लगायतका विवरणहरूको समीक्षा गर्न मिति २०८३/०६/१६ गते समीक्षा बैठक सञ्चालन गरिएको हो।

२. कार्यक्रमको उद्देश्य:

- २०८३ भाद्र महिनाको सेवा प्रवाह तथा HMIS तथ्याङ्कको समीक्षा गर्ने।
- विभिन्न Reporting स्रोतबीच तथ्याङ्कको एकरूपता कायम भए/नभएको परीक्षण गर्ने।
- सेवा प्रवाहमा देखिएको अवस्था तथा प्रमुख सेवा सूचकहरूको विश्लेषण गर्ने।
- Referral Cases तथा OPD, Emergency र IPD का प्रमुख १० Cases/Diagnosis को समीक्षा गर्ने।
- Physiotherapy लगायतका सेवाको तथ्याङ्क तथा Reporting को अवस्था समीक्षा गर्ने।
- Department wise monthly report present
- NCD Diseases
- पहिचान भएका समस्या तथा सुधार गर्नुपर्ने पक्षका आधारमा आगामी महिनाका लागि कार्ययोजना तयार गर्ने।

३. भाद्र महिनाको सेवा प्रवाहको तथ्याङ्क:

क्र.सं.	सेवा/सूचक	भाद्र २०८३
१	कुल सेवाग्राही	6834
२	OPD सेवा	5812
३	Emergency सेवा	1022
४	USG	923
५	X-ray	1559
६	ECG	613
७	Dialysis – बिरामी	41
८	Dialysis – Session	366
९	IPD मा भर्ना	292
१०	कुल प्रसूति	47
११	Normal Delivery	28
१२	Vacuum Delivery	1

१३	Caesarian Section	18
१४	कुल Procedure	201
१५	ON ART	100
१६	TB	1
१७	Leprosy	3
१८	Family Planning	39
१९	PAC	3
२०	Abortion Service	25
२१	OCMC	5
२२	Immunization	115
२३	Lab सेवा लिने व्यक्ति	2798
२४	Postmortem	4
२५	SNCU	13
२६	SSU & Geriatrics	137

४. प्रमुख तथ्याङ्कको समीक्षा तथा छलफल:

समीक्षाका क्रममा श्रावण महिनामा अस्पतालबाट **कुल ६८३४ सेवाग्राहीले सेवा लिएको** देखिएको छ। त्यसमध्ये OPD सेवा ५८१२ र Emergency सेवा १०२२ रहेको छ। यसबाट अस्पतालमा OPD तथा आकस्मिक सेवाको सेवा प्रवाह उल्लेख्य रहेको देखिन्छ।

निदानात्मक सेवातर्फ **USG ९२३ , X-ray १५५९ तथा ECG ६१३** सेवा प्रदान गरिएको छ। यसैगरी Laboratory सेवातर्फ **२७९८ व्यक्तिले सेवा लिएका** छन्।

Dialysis सेवातर्फ ४१ जना बिरामीका लागि **३६६ Session** सञ्चालन भएको देखिन्छ। प्रसूति सेवातर्फ जम्मा ४७ delivery मध्ये २८ Normal Delivery, १Vacuum र १८ Caesarian Section रहेको छ।

त्यसैगरी IPD मा २९२ जना भर्ना भएका छन् भने कुल Procedure २०१ वटा सञ्चालन भएको छ। अन्य कार्यक्रम तथा सेवातर्फ ON ART, TB, Leprosy, Family Planning, PAC, Abortion Service, OCMC, Immunization, SNCU तथा SSU & Geriatrics लगायतका सेवाहरूको समेत समीक्षा गरिएको थियो।

५. Reporting तथा Data Management सम्बन्धी समीक्षा:

समीक्षा गरिएको विषय	समीक्षा गरिएको अवस्था	निर्णय/कार्ययोजना
Monthly Progress Report	श्रावण तथा भाद्रको data लाई तुलनात्मक विश्लेषण	सेवालाई अझ प्रभावकारी रुपमा गुणस्तरीय बनाउन शाखागत रुपमा सेवाग्राहीलाई सरल,सहज र नम्र व्यवहार
Weekly Report	साप्ताहिक Reporting तथा मासिक तथ्याङ्कबीचको मिलान	Weekly Report समयमै तयार गर्ने र Monthly Report सँग Cross-check गर्ने
EMR Data Report	EMR मा अभिलेख भएको सेवा तथ्याङ्कको समीक्षा	EMR Entry पूर्ण, सही तथा समयमै गर्ने

DHIS2/NCD diseases	DHIS2 मा Reporting गरिएको तथ्याङ्कको समीक्षा	Reporting पूर्व मूल अभिलेखसँग Verification गर्ने
Referral Cases	Referral भएका बिरामी/केसको समीक्षा	Referral को कारण तथा आवश्यकता विश्लेषण गरी सेवा सुधार गर्ने
Top 10 – OPD	OPD का प्रमुख १० Diagnosis/Cases को समीक्षा	प्रमुख रोग/केसका आधारमा सेवा तथा स्रोत व्यवस्थापन गर्ने
Top 10 – Emergency	Emergency का प्रमुख १० Cases को समीक्षा	Emergency preparedness तथा आवश्यक सेवा व्यवस्थापन सुधार गर्ने
Top 10 – IPD	IPD का प्रमुख १० Diagnosis/Cases को समीक्षा	IPD सेवा तथा उपचार व्यवस्थापनमा तथ्याङ्क उपयोग गर्ने
Physiotherapy	Physiotherapy सेवा तथा Reporting को अवस्था समीक्षा	सेवा अभिलेख तथा Reporting लाई थप व्यवस्थित गर्ने

६. प्रमुख निर्णय तथा आगामी कार्ययोजना:

१. सबै शाखा/सेवा इकाइले दैनिक अभिलेख, Weekly Report, EMR र DHIS2 Data बीच एकरूपता कायम गर्ने।

२. मासिक Reporting गर्नु अघि सम्बन्धित शाखाबाट तथ्याङ्कको आन्तरिक Verification गर्ने।

३. Data Displayed Board मा राखिने तथ्याङ्कलाई नियमित रूपमा अद्यावधिक गर्ने।

४. Referral Cases को नियमित समीक्षा गरी Referral को कारण तथा अवस्थाको विश्लेषण गर्ने।

५. OPD, Emergency तथा IPD का Top 10 Cases लाई सेवा सुधार तथा योजना निर्माणमा प्रयोग गर्ने।

६. Physiotherapy/NCD diseases लगायतका सेवाको अभिलेख तथा Reporting लाई थप व्यवस्थित गर्ने।

७. तथ्याङ्कमा देखिएका त्रुटि तथा असंगतिहरू सम्बन्धित शाखाबाट समयमै सच्याउने।

८. आगामी महिनामा Data Quality, Timely Reporting तथा Evidence-based Service Management लाई प्राथमिकता दिने।

९.आगामी महिनामा शाखागत रुपमा शाखको प्रगति विवरण स्वयम् शाखा प्रमुखले प्रस्तुत गर्ने।

७. निष्कर्ष:

मिति २०८३/०६/१६ गते सम्पन्न समीक्षा बैठकमा २०८३ भाद्र महिनाको सेवा प्रवाह तथा HMIS सम्बन्धी तथ्याङ्कको समीक्षा र विश्लेषण गरिएको छ। यसै क्रममा २०८३ भाद्र महिनामा अस्पतालबाट प्रवाह भएका स्वास्थ्य सेवाको तथ्याङ्क, Data progress Report, Weekly Report, EMR Data Report, Referral Case, DHIS2 Reporting लगायतका विवरणहरूको OPD/Emergency/IPD का प्रमुख १० Cases तथा Physiotherapy सेवाको समेत समीक्षा गरिएको थियो।

समीक्षाबाट प्राप्त तथ्याङ्क र पहिचान भएका सुधारका क्षेत्रलाई आधार बनाई आगामी महिनाहरूमा **तथ्याङ्कको गुणस्तर,** समयमै Reporting, अभिलेख व्यवस्थापन तथा तथ्याङ्कमा आधारित सेवा सुधार लाई थप प्रभावकारी रूपमा अघि बढाउने निर्णय गरिएको छ।

प्रतिवेदन तयार गर्ने:

नाम: भिमराज बुढा

पद: मेडिकल रेकर्डर सुपरभाइजर

दस्तखत:

मिति: २०८३/०६/१६